दर्ता नं. NAW/BH/29/05

# बसन्त सामुदायिक बन उपभोक्ता समूह

मध्यविन्दु-९, बसन्तपुर नवलपरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

स्था : २०५८

प.सं.: २०८१/०८२

च.नं.: ०४

२०८१/०४/२८

मितिः ..........

विषयः सूचना टांस गरी जानकारी पठाईदिने बारे ।

श्री मध्यबिन्दु नगर कार्यपालिका को कार्यालय चोरमारा

नवलपरासी (व.सु. पूर्व)

प्रस्तुत बिषयमा यस समूहको काठ दाउरा लिलाम बिक्री सम्बन्धी मिति २०८१/०४/२७ चितवन पोष्ट राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसारको विस्तृत सूचना पाना २ यसै पत्रसाथ संलग्न राखी पठाईएको छ, तहां कार्यालयको सूचना पाटीमा टांस गरी सो को जानकारी यस कार्यालयमा पठाई दिनु हुन अनुरोध छ ।

अध्यक्ष
जस बहादुर मानन्धर

श्री वन तथा वातावरण शाखा (निर्देशनार्थ)

४/३१

श्री सूचना प्रविधि शाखा,
काठ/दाउरा लिलाम बढाबढको सार्वजनिक सूचना कार्यालयको web site मा upload गरिदिनु हुन ।

२०८१/४/३१

# वसन्त सामुदायिक [illegible] उपभोक्ता समूह

## मध्यविन्दु नगरपालिका [illegible] बसन्तपुर, नवलपरासी (व.सु.पु.)

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना

**(दोश्रो पटक सूचना प्रकाशन मिति : २०८१/०४/२७)**

अध्यक्ष
जस बहादुर मानन्धर

यस सामुदायिक वन उपभोक्ता समूहबाट व्यवस्थापन गर्दै आएको सामुदायिक वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजनामा व्यवस्था भए अनुसार आ.व. २०७९/०८० मा संकलन गरी घाटगद्दीमा विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । **काठ दाउरामा आधारित उद्योग संचालन गर्ने भनी प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली २०७९ को नियम १२८ बमोजिम सुचीकृत भएका गोलिया काठ चिरान गर्ने स:मिल र काठलाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने भेनियर तथा प्लाईउड उद्योगले** यो सूचना चितवन पोष्ट,राष्ट्रिय दैनिक पत्रिकामा दोश्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै बोलपत्र खरिद गरी १६ औ दिन कार्यालय समय भित्र डिभिजन वन कार्यालय, नवलपुर तथा सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

**तपसिल**

**१. लिलाम बिक्रि हुने वन पैदावारको विवरण :**

| सि.नं. | लट नं. | जात | ग्रेड | किसिम | थान | परिमाण (क्यु.फि.) | न्युनतम मुल्य (प्रति ईकाइ) रु. | मुल्यांकन रकम रु. | संकलन खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | साल | A | गोलिया | ७ | ८०.५८ | १२५०० | १००७२५ | संकलत्त खर्च प्रति क्यु.फि. रु.१३६ थप लाग्नेछ । | पाइल नं. ९ र १० |
| | | | B | | ३२ | २३८.६७ | ९०० | २१४८०३ | | |
| | | | C | | ७० | २८५.९९ | ६०० | १७१५९४ | | |
| | | | D | | ५ | १२.६० | ३०० | ३७८० | | |
| | | जम्मा | | | ११४ | ६१७.८४ | | ४९०९०२ | | |
| २ | २ | साल | A | गोलिया | १८ | २२२.९६ | १२५० | २७८७०० | संकलन खर्च प्रति क्यु.फि. रु.१३६ थप लाग्नेछ । | पाइल नं. ११ |
| | | | B | | ३२ | २४७.२१ | ९०० | २२२४८९ | | |
| | | | C | | ७१ | २६२.३० | ६०० | १५७३८० | | |
| | | | D | | ६ | १३.५२ | ३०० | ४०५६ | | |
| | | जम्मा | | | १२७ | ७४५.९९ | | ६६२६२५ | | |
| ३ | ३ | साल | A | गोलिया | ८ | १००.४१ | १२५० | १२५५१२/५० | संकलन खर्च प्रति क्यु.फि. रु.१३६ थप लाग्नेछ । | पाइल नं. १२ |
| | | | B | | ३७ | २८३.१० | ९०० | २५४७९० | | |
| | | | C | | ५८ | २६९.६६ | ६०० | १६१७९६ | | |
| | | | D | | ८ | १८.०८ | ३०० | ५४२४ | | |
| | | जम्मा | | | १११ | ६७१.२५ | | ५४७५२२/५० | | |
| ४ | ४ | साल | A | गोलिया | ३ | ४८.७६ | १२५० | ६०९५० | संकलन खर्च प्रति क्यु.फि. रु.१३६ थप लाग्नेछ । | पाइल नं. १३ |
| | | | B | | १५ | २०८.३६ | ९०० | १८७५२४ | | |
| | | | C | | ४० | ३००.९६ | ६०० | १८०५७६ | | |
| | | | D | | १ | १.७० | ३०० | ५१० | | |
| | | जम्मा | | | ५९ | ५५९.७८ | | ४२९५६० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | ५ | साल | A | गोलिया | ७ | ८४.२५ | १२५० | १०५३१२/५० | संकलन खर्च प्रति क्यु.फि. रु.१३६ थप लाग्नेछ । | पाइल नं. १४ |
| | | | B | | ३२ | २७४.३३ | ९०० | २४६८९७ | | |
| | | | C | | ६९ | २९६.७० | ६०० | १७८०२० | | |
| | | | D | | ६ | १३.६५ | ३०० | ४०९५ | | |
| | | जम्मा | | | ११४ | ६६८.९३ | | ५३४३२४/५० | | |

२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थान :

क) बोलपत्र खरिद गर्ने **अन्तिम मिति : २०८१/०५/०९** गते, **समय :** कार्यालय समय भित्र सम्म ।
ख) बोलपत्र दाखिला गर्ने **अन्तिम मिति : २०८१/०५/१०** गते, **समय :** कार्यालय समय भित्र सम्म ।
ग) बोलपत्र खरिद तथा दाखिला गर्ने दिन बिदा परे सो को भोलीपल्ट खरिद र दाखिला गर्न सकिनेछ ।

३. बोलपत्र साथ धरौटी वापत कबोल अङ्कको १०% ले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समूहको **राष्ट्रिय बाणिज्य बैंक, कावासोती** शाखा स्थित खाता नं. **३२००१००००१६८३००१** मा नगद जम्मा गरेको सक्कलै भौचर वा यस समूहको नाममा खिचिएको बैंक ड्राफ्ट वा छ महिना अवधिको बैक जमानत पत्र समावेश हुनुपर्नेछ । नगद धरौटी र ड्राफ्टलाई मान्यता दिइने छैन ।

४. बोलपत्रको प्रत्येक लटका लागि रु.१,०००।-(पछि फिर्ता नहुने गरी) तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय तथा डिभिजन वन कार्यालय, नवलपुरबाट समेत खरिद तथा दाखिला गर्न सकिनेछ ।

५. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला बेग्लै खरीद गरी दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनु पर्नेछ ।

६. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय समय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

७. लिलाम प्रक्रियामा भाग लिन इच्छुक **स:मिल/भेनियर/प्लाईउड उद्योग**का प्रोपाइटरहरुले नेपाली नागरिकताको प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नम्बर प्रमाणपत्र, उद्योग सुचिकरण प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी अनिवार्य बोलपत्रसाथ पेश गर्नु पर्नेछ । नागरिकता बाहेकका कागजातहरु नियमानुसार नवीकरण भएको हुनु पर्नेछ ।

८. निर्धारित गरिएको न्यूनतम संख्या र रितपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८१/०५/११ गते दिनको १:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ । सो दिन बिदा परे सो को भोलिपल्ट खोलिनेछ ।

९. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको ४५(पैंतालिस) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च समेत छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुवैमा लेख्नु पर्नेछ । अङ्क र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहको कार्य समितिमा निहित रहनेछ ।

अध्यक्ष
जस बहादुर मानन्धर